# साझेदारमा वीउ आलु श्रोत केन्द्र स्थापना कार्यक्रम (मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण ) सञ्चालन कार्यविधि,२०७७

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७७/०६/०९)

प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

**साझेदारमा वीउ आलु श्रोत केन्द्र स्थापना कार्यक्रम (मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण) सञ्चालन कार्यविधि, २०७७**

**प्रस्तावनाः** नेपालमा आलुवाली खाद्य सुरक्षाको हिसाबले निकै महत्वपुर्ण वालीको रुपमा रहेको छ । उच्च तथा दुर्गम क्षेत्रमा आलुलाई खाद्यवालीकै रुपमा लिइने गरिन्छ, भने मध्यपहाड तथा तराईका जिल्लाहरुमा तरकारीको रुपमा प्रयोग गर्ने गरिन्छ । हालैका वर्षहरुमा आलु खेतिमा व्यवसायिकरण भएको तथा आम्दानीका दृष्टिकोणबाट उपयुक्त व्यवसायको रुपमा कृषकले लिएको पाइन्छ । आलुको उत्पादकत्व अन्य मुलुकको तुलनामा न्यून रहनुमा आलु उत्पादनको लागि गुणस्तरिय बीउ आलुको प्रयोग नुहुनु र बीउआलुको सर्भसुलभ उपलव्धता नहुनु रहेका छन । पूर्व मूल बीउ आलुको उत्पादनको बृद्धि गरि बीउ प्रमाणीकरण पद्दतिवाट बीउ उत्पादन गरि बीउआलु कृषक समक्ष पुऱ्याउन सकेमा उत्पादन र उत्पादकत्वलाई वढाउन सकिन्छ । तसर्थ पूर्व मूल बीउ आलु (Pre-basic Seed) स्क्रिन हाउसमा उत्पादन गरि कृषकहरुलाई तालिम प्रदान गर्नको लागि तालिम केन्द्र निर्माण गर्न श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको सहमति तथा प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ को अधिनमा रही मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "साझेदारमा वीउ आलु श्रोत केन्द्र स्थापना कार्यक्रम (मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण) संचालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिवाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले योग्यता पुगि मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण गर्न अनुदान मागको लागि प्रस्ताव पेश गरेका आवेदकहरुलाई सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले अनुदानमा संचालन गरिने "साझेदारमा वीउ आलु श्रोत केन्द्र स्थापना कार्यक्रम (मेशिनरी सहितको स्कीन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण)" सम्झनु पर्छ।

(ग) **"डर्मेटरी सहितको ट्रेनिङ्ग हाउस"** भन्नाले प्रि फयाब वा ईट्टाको निर्मित भवन जहा तालिम दिने र वसोवास गर्ने व्यवस्था गरिएको हाउसलाई सम्झनु पर्छ।

(घ) **"सम्वन्धित कार्यालय"** भन्नाले यस कार्यविधि अनुसार अनुदान उपलव्ध गराउनको लागि कार्यक्रम सञ्चालन गर्ने कार्यालय सम्झनु पर्छ।

(ङ) **"स्क्रिन हाउस"** आलुको पूर्वमूल बीउ उत्पादन गर्नको लागि वनाईएको स्थायी प्रकृतिको प्लाष्टिक घर/ग्रीन हाउस जसको भित्र तन्तु प्रजनन प्रयोगशालाबाट ल्याईएको ईनभिट्रो बिरुवा रोप्नको लागि वेन्च भएको तथा वरिपरि लाही तथा अन्य किराहरु छिर्न नसक्ने गरि जाली हालिएको प्लाष्टिक घरलाई सम्झनु पर्छ।

(च) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ६ वमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(क) **"साझेदार संस्था"** भन्नाले यस कार्यक्रममा सहभागी हुन योग्यता पुगेका कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजी कृषि कम्पनी सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) गुणस्तरिय बीउ आलु उत्पादनको लागि आलुको पूर्व मूलबीउ उत्पादन गर्ने,

(ख) गुणस्तरिय बीउ आलुको प्रयोग गरी आलुबालीको उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्य सुरक्षामा टेवा पुऱ्याउने,

(ग) कृषकहरुको क्षमता अभिबृद्धि गर्नको लागि तालिम प्रदान गर्ने तालिम केन्द्र निर्माण गर्ने ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **कार्यक्रम लागू हुने स्थानः** यो कार्यक्रम बागमती प्रदेशमा लागू हुनेछ । तर बार्षिक कार्यक्रममा उल्लेख भएको खण्डमा सोही जिल्लाहरुमा र नभएको खण्डमा यस कार्यविधिलाई आधारमानी सूचना प्रवाह गर्दा सूचनामा जुनजुन जिल्लाहरु उल्लेख भई प्रस्ताव आव्हान हुन्छ सोहि जिल्लामा लागू हुनेछ ।

५. **सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्नेः**(१) सम्बन्धित कार्यालयले कार्यक्रम सञ्चालन गर्नको लागि तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा **अनुसूची - १** अनुसारको सूचना प्रकाशन गर्नेछ । साथै सूचना रेडियो, एफ.एम. तथा अनलाई पत्रपत्रिका मार्फत समेत प्रचार गर्नुपर्नेछ ।

(२) मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माणको लागि अनुदान सहयोग लिन चाहने साझेदार संस्थाले सूचनामा तोकिएको म्याद भित्र सम्वन्धित

कार्यालयमा कार्यविधिमा तोकिए अनुसारको अनुसूची-२ बमोजिमको निवेदन र संलग्न कागजात, अनुसूची-३ बमोजिमको प्रस्ताव, अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र र प्राविधिकवाट तयार गरिएको लागत ईष्टमेट र नक्सा पेश गर्नुपर्नेछ । सो प्रस्ताव तथा निवेदन सूचना प्रकाशन गर्ने सम्वन्धित कार्यालय वा सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्रमा दर्ता गर्नुपर्नेछ । तर, आवेदकहरु सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेमा कार्यालयको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सक्नेछन ।

(३) उपदफा (२) अनुसार मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण कार्यक्रम सञ्चालन गर्दा साझेदार संस्थालाई प्रतिस्पर्धाका आधारमा अनुदान उपलव्ध गराईनेछ।

(४) उपदफा (२) अनुसारको कार्यक्रम संचालन गर्नको लागि हरेक कार्यक्रमको स्पेशिफिकेसन अनुसूची-५ मा तोकिए बमोजिम हुनेछ।

(५) कार्यक्रम सञ्चालनको लागि साझेदार संस्थाको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः

(क) मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माणको लागि विगतको वर्षहरुमा बीउ आलु उत्पादन गरेको प्रमाण,

(ख) स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टरको लागि प्राविधिकवाट तयार गरिएको लागत ईष्टमेट, नक्सा, स्थानिय तहको सिफारिस, प्रस्ताव, निवेदन, प्रतिवद्धता पत्र,

(ग) प्रस्तावकका तर्फवाट प्रस्ताव पेश गर्न जिम्मेवारी तोकिएको ब्यक्तिलाई प्रस्तावकले अख्तियारी दिएको पत्र र निजको नागरिकताको प्रतिलिपि,

(घ) कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजी कृषि कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नम्वरको प्रतिलिपि,

(ङ) मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण गर्ने जग्गाको अनुसुची-५ मा स्पेशिफिकेशन तोकिए अनुसार स्वामित्व भएको लालपुर्जाको प्रतिलिपि ।

## परिच्छेद-३

## संस्थागत व्यवस्था

६. **मूल्याङ्कन समितिः** (१) साझेदार संस्थाको प्रस्ताव मूल्याङ्कन गरी छनौट गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

(क) प्रमुख, सम्वन्धित कार्यालय — संयोजक

| | |
|---|---|
| (ख) कृषि ईन्जिनियर | सदस्य |
| (ग) कानून अधिकृत(सम्भव भएसम्म) | सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा, सम्वन्धित कार्यालय | सदस्य |
| (ङ) वागवानी विकास अधिकृत, सम्वन्धित कार्यालय | सदस्य |
| (च) खरिद ईकाई प्रमुख, सम्वन्धित कार्यालय | सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार बढीमा ३ (तीन) जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) न्यूनतम मापदण्डका आधारमा प्रारम्भिक मूल्याङ्कन गर्ने र प्रारम्भिक मुल्याङ्कनमा छनौट भएका साझेदार संस्थाका प्रस्तावको मात्र थप मूल्याङ्कन कार्यमा अगाडी बढाउनेछ ।

(ख) प्रारम्भिक मूल्याङ्कनमा छनौट भएका प्रस्तावको थप मूल्याङ्कनको लागि अनुसूची-६ बमोजिमको मूल्याङ्कन मापदण्ड बमोजिम मुल्याङ्कन गर्ने ।

(ग) मूल्याङ्कन समितिले उपयुक्तता, भौगोलिक सम्भाव्यता, भौतिक पुर्वाधार तथा सुविधा, बिउ आलु लगाउने क्षेत्रफल, पेश भएको लागत तथा नक्सा, प्रस्तावको किसिम, साझेदार संस्थाको लागत क्षमता, कार्यक्रमको दिगोपना आदिको आधारमा मूल्याङ्कनका मापदण्ड बनाउन सक्नेछ ।

(घ) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुटो ठहरिएमा, प्राविधिक रुपमा अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर गरी बाकी प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अघी बढाउने,

(ङ) मूल्याङ्कन समितिले आवश्यकता अनुसार तोकिएको मूल्याङ्कन शीर्षक र अंङ्क भार भित्र रही थप मूल्याङ्कनका उपशीर्षक निर्धारण गर्न सक्नेछ,

(च) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी प्राथमिकता क्रम तोकी स्वीकृतिका लागि सम्वन्धित कार्यालयमा पेश गर्ने।

(३) स्वीकृत कार्यक्रमको परिधि भित्र रही मूल्याङ्कनमा न्यूनतम अंङ्क भन्दा सबैभन्दा बढी अंङ्क प्राप्त गर्ने प्रस्तावहरु कार्यक्रम सञ्चालनका लागि छनौट गरिनेछ। सम्वन्धित कार्यालयले स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रहि प्रस्ताव छनौट र स्वीकृत बजेट बाडफाँड गरी कार्यान्वयन गराउनेछ।

## परिच्छेद -४
## आर्थिक पक्ष

७. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र कार्यविधि बमोजिम अनुसूची-७ बमोजिमको सम्झौता सम्बन्धित कार्यालयमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ ।

(३) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुन: सूचना प्रकाशन गर्नु पर्नेछ। पूनः सूचना प्रकाशन गर्दा समेत रितपूर्वक प्रस्ताव नपरेमा वा सम्झौता गर्न नआएमा उक्त आर्थिक वर्षमा कार्यक्रमको लागि सूचना प्रकाशन गरिने छैन।

८. **भुक्तानी प्रक्रियाः** अनुदान रकम भुक्तानी लिन साझेदार संस्थाले सक्कल बील (PAN/VAT) भरपाई, कार्य प्रगति विवरण, कार्य सम्पन्न भएको प्राविधिकको प्रतिवेदन, निर्मित संरचनाको रङ्गीन फोटो, स्थानीय तहको कार्यसम्पन्न सिफारीस तथा अन्य आवश्यक कागजातहरु सम्वन्धित कार्यालयमा पेश गर्नुपर्नेछ । यसरी पेश भएको विवरण र कागजातको आधारमा सम्बन्धित कार्यालयले साझेदार संस्थालाई अनुदान रकम बैक खाता मार्फत भुक्तानी दिनेछ।

९. **अनुदान रकमः** (१) स्वीकृत वार्षिक कार्यक्रममा बजेटको व्यवस्था भए बमोजिम मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माणको लागि प्राविधिकको प्रतिवेदनका आधारमा कूल खर्चको ५० प्रतिशत वा वढीमा कार्यक्रममा विनियोजित रकम मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलव्ध गराइनेछ।

(२) कार्यक्रम बजेटको २.० (दुई प्रतिशत) प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरिक्षण, इन्धन, मर्मत आदि कार्यमा खर्च गरिनेछ ।

## परिच्छेद -५
## विविध

१०. **साझेदार संस्थाको दायित्व**: साझेदार संस्थाले मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माणमा अनुदानमा प्राप्त भएको विवरण समेटिने गरी होडिङ्ग बोर्ड राख्नुपर्नेछ । साझेदार संस्थाले स्व लगानी तर्फको ५०% रकम सम्झौता भए अनुसार खर्च गर्नुपर्नेछ ।

११. **विशेष प्राथमिकता**: (१) मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माणको लागि विगतको वर्षहरु देखि व्यवसायिक आलु उत्पादन गरेको कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजी कृषि कम्पनीहरुलाई प्राथमिकतामा राखि कार्यक्रम संचानल गरिनेछ।

(२) आलु उतपादन गरी प्रमाणीकरण समेत गरेको कृषक समुह तथा कृषि सहकारीलाई विशेष प्राथमिकता प्रदान गरिनेछ ।

(३) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय र स्थानीय तहहरुद्वारा सञ्चालित कार्यक्रम तथा आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकीकृत रुपमा सञ्चालन गरिनेछ।

१२. **अनुगमनः** यस कार्यक्रमको अनुगमन मन्त्रालय, कृषि विकास निर्देशनालय र सम्वन्धित कार्यालयले गर्नेछ।

१३. **कारबाहीको व्यवस्था**:(१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई सम्वन्धित कार्यालय वा तालुक निकायले प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

(२) साझेदार संस्थाले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा त्यस्ता साझेदार संस्थाबाट कानून बमोजिम जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१४. **संशोधन** : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१५. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिमर अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची -१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**मेशिनरी सहितको स्क्रीन हाउस र डर्मेटरी सहितका ट्रेनिङ्ग सेन्टर निर्माण सम्बन्धी प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः ...................

............ को आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण कार्य गर्नको लागि बागमती प्रदेशका कृषक समूह, कृषि सहकारी, कृषि फार्म र कृषि कम्पनीले यो सूचना प्रकाशित भएको ३० दिनभित्र कार्यालय समयमा सम्वन्धित कार्यालयमा वा सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्रमा देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ। आवेदकहरु सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेमा कार्यालयको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

**पुनश्चः** "साझेदारमा वीउ आलु श्रोत केन्द्र स्थापना कार्यक्रम (मेशिनरी सहितको स्क्रीन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण) संचालन कार्यविधि, २०७७" भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको बेवसाईट http://molmac.bagamati.gov.np/ बाट प्राप्त गर्न सकिनेछ ।

## अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**आवेदन फारम**

श्री प्रमुख ज्यू, मितिः

............... ।

मेरो कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजी कृषि कम्पनीबाट ........ जिल्लाको.......... गा.पा/न.पा. को वार्ड नं...... स्थानमा मेशिनरी सहितको स्क्रीन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण कार्य गर्ने लक्ष्य रहेकोले सोका लागि लागत अनुमान रु.........सहित तपसिल बमोजिमका कागजातहरू राखी निवेदन पेश गरेको छु/गरेका छौं।

**संलग्न कागजातहरुको विवरणः**

१. रु.१०।-को हुलाक टिकट,

२. अनुसूची -२ अनुसारको निवेदन,

३. अनुसूची -३ अनुसारको प्रस्ताव,

४. अनुसूची -४ अनुसारको प्रतिबद्धता,

५. बीउ आलु उत्पादन तथा भण्डारण सम्बन्धी तालिम लिएको भए सो को प्रमाण,

६. आधिकारिक दर्ता प्रमाण पत्रको प्रतिलिपि र स्थायी लेखा नम्बर,

७. साझेदार संस्थाको निर्णय प्रतिलिपि,

८. साझेदार संस्थाले जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,

९. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

१०.प्रस्ताव गरिएको कार्यको लागि प्राविधिकवाट बनाइएको नक्सा सहितको लागत इष्टिमेट,

११. प्रस्ताव गरिएको कार्य गरिने जग्गाको कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजी कृषि कम्पनीको आफ्नै स्वामित्वमा भएको लालपुर्जाको प्रतिलिपि

१२. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

१३. प्रस्तावित जमिनमा सडक, पानी तथा विजुली रहे/नरहेको प्रमाणित कागजात,

१४.कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजी कृषि कम्पनीले ब्यहोर्ने योगदान प्रतिशतको भरपर्दो आधार ।

निवेदक

दस्तखतः कृषक समुह/कृषि सहकारीः

नाम थरः ठेगानाः

पदः संस्थाको छापः

फोन नं. हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको

दस्तखत

अनुसूची -३

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

१.प्रस्तावित उपआयोजनाको सारांश:

| | |
|---|---|
| उपआयोजनाको नाम: | |
| कार्यक्रममा समावेश हुने क्रियाकलाप | • आलुको पूर्व मूलबीउ उत्पादनको लागि मेशिनरी सहितको स्क्रीन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण |
| आवेदकको नाम: | |
| ठेगाना: | |
| सम्पर्क व्यक्ति: | |
| ठेगाना: | |
| सम्पर्क टेलिफोन नं. | |
| दर्ता वर्ष: | |
| मु. अ. कर/ स्था. ले. नं. र दर्ता वर्ष: | |
| बैंक खाता विवरण: | बैंकको नाम:<br>ठेगाना:<br>खाता नं.<br>खाता सञ्चालकको नाम: |
| आवेदकको परिचय तथा अनुभव | अनुभव र योग्यता सम्बन्धित यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा संलग्न राख्ने। आलुको पूर्व मूल बीउ उत्पादन, बीउ आलु उत्पादन, प्रमाणीकरण सम्वन्धि अनुभव, तालिम संचालन अनुभव र योग्यता सम्बन्धी विवरण यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा संलग्न राख्ने। |
| प्रस्तावित व्यवसायको सार संक्षेप | |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |

| | |
|---|---|
| उपआयोजना सञ्चालन स्थलः | जिल्लाः<br>म.न.पा./ उ.म.न.पा ./न.पा./ गा.पा.<br>वार्ड नं.<br>स्थानः |
| वर्तमान क्रियाकलापहरु | |
| प्रस्तावित उपआयोजनाको प्रमुख उद्देश्य | •<br>•<br>•<br>• |
| प्रस्तावित क्षेत्रको हालको अवस्था | प्रस्तावित क्षेत्रमा आलु बालीको हालको अवस्था, क्षेत्रफल, उत्पादन, जातहरु, बीउ आलु उत्पादन अवस्था, भण्डारण सुविधा, आदि विस्तृतमा |
| प्रस्तावित उपआयोजनाका मुख्य क्रियाकलापहरु | क्रियाकलापहरु<br>•<br>•<br>•<br>• |

**खण्ड -ख**

२. व्यवसायको विवरण

| २.१ प्रस्तावित व्यवसायिक योजनाको भूमिका र पुष्टयाइ |
|---|
| ५०० शब्द नघटाई व्यवसायको छोटकरी विवरण जसमा नाम, मुख्यकाम, प्रकृति, वर्तमान मुख्य क्रियाकलापहरु, अवस्था, उपलब्धीहरु, सामना गरिरहेका समस्याहरु, पहिचान गरिएका अवसरहरु, प्रस्तावित कार्य, यसको प्रभाव, मुख्य बजार, सम्भावित आम्दानी र कृषकलाई प्रस्तावित उपआयोजनाबाट हुने फाइदाहरु उल्लेख गर्ने। |

२.२ प्रस्तावित क्रियाकलापहरु संचालन ढाँचा

बढिमा ५०० शब्द भित्र प्रस्तावित क्रियाकलापहरुको संक्षिप्त विवरण दिनुहोस (के, कसरी, कस्ले, कहाँगर्ने), कुन ढाँचामा संचालन हुने,

कार्यतालिका

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

२.३ बीउ आलु उत्पादन (विगतको वर्षहरुमा उत्पादन भएको परिमाण)

| क्र.स. | बीउ आलुको स्तर | २०७६ साल | | २०७५ साल | | २०७४ साल | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल हे. | उत्पादन मे.टन | क्षेत्रफल हे. | उत्पादन मे.टन | क्षेत्रफल हे. | उत्पादन मे.टन | |
| १. | मूल बीउ आलु उत्पादन | | | | | | | बीउ आलु उत्पादन तथा प्रमाणीकरण भएको पुष्ट्याई |
| २. | प्रमाणीत प्रथम बीउ आलु | | | | | | | |
| ३. | प्रमाणीत द्वितिय बीउ आलु | | | | | | | |
| ४. | उन्नत बीउ आलु | | | | | | | |

२.४ ईनभिट्रो प्लान्टलेट व्यवस्थापन (स्क्रिन हाउसको लागि) तथा तालिमको लागि श्रोत व्यवस्थापन

श्रोत कहाँ हो? कसरी प्राप्त गर्ने? कुन कुन जातको कति परिमाणमा लगाउने? आदि वारेमा उल्लेख गर्ने। वार्षिक कति उत्पादन गर्ने हो?

२.५ जनशक्ति

आवेदककोमा पूर्णकालिन वा आंशिक जनशक्ती भएमा उल्लेख गर्ने। जनशक्तीको योग्यता तथा अनुभव समेत उल्लेख गर्ने।

प्राविधिक जनशक्तिः

व्यवस्थापकिय जनशक्तीः

श्रमिकः

**खण्ड -ग**

३. बिक्री तथा आम्दानी विवरण (ट्रेनिङ सेन्टरको हकमा आम्दानी तथा खर्चको विवरण, तालिममा सहभागि हुने सम्भावित सहभागीहरुको विवरण भर्ने)

३.१ बिक्री आम्दानी प्रक्षेपण

| क.स. | बीउ आलुको स्तर | २०७८ साल | | २०७९ साल | | २०८० साल | |
|---|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल हे. | उत्पादन मे.टन | क्षेत्रफल हे. | उत्पादन मे.टन | क्षेत्रफल हे. | उत्पादन मे.टन |
| | | | | | | | |
| १. | पूर्व मूल बीउ आलु उत्पादन | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| क.सं. | पूर्वमूल बीउ/बीउ आलु | इकाई | परिमाण | प्रति ईकाइ मूल्य | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**खण्ड-घ**

४. व्यवस्थापन योजना

४.१ कृषि सामग्री/कृषि औजार एवं उपकरणहरु खरिद योजना

| क.सं. | विवरण | इकाई | परिमाण | विरुवा जात वा प्रकार/ कृषि औजार तथा उपकरणहरु | आपूर्तिकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## खण्ड ङ

५.संचालन गरिने कार्यको दिगोपनाको आधार तथा दिगोपनाको लागि योजनाः

संचालन खर्च, कर्मचारी खर्च आदिको व्यवस्थापन कसरी गर्ने, आवश्यक बीउआलु श्रोत व्यवस्थापन कसरी गर्ने, तालिमको लागि सहभागी तथा श्रोत व्यक्ति तथा तालिम संचालन खर्चको व्यवस्थापन कसरी हुन्छ, स्क्रिन हाउसमा उत्पादन गरिएको पूर्वमूल बीउ आलुको विक्री वितरण कसरी गरिन्छ आदी। प्रदेश सरकारको अनुदान गरिएका कार्यहरुले निरन्तरता पाईरहने आधारहरु उल्लेख गर्ने। निरन्तरता नभएमा के कस्तो खालको कार्वाही भोग्न तयार हुने प्रतिवद्धता जायर गर्ने।

प्रस्तावक संस्थाको नामः

ठेगानाः

दस्तखत (अधिकार प्राप्त व्यक्तिको)

मितिः

संस्थाको छापः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

अनुसूची -४

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

यस कार्यालयको मिति २०७..../....../...... को सूचना अनुसार .....................कार्यक्रम अन्तरगत .........कार्य गर्न इच्छुक भइ सो कार्यक्रममा सहभागिताको लागि योजना सहितको आवेदन पेश गरेको छु /छौं । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गरी घटीमा ५ (पाँच) वर्ष सम्म निरन्तरता दिनेछु/छौं । योजना अनुसारको कार्य नगरेमा वा ५ (पाँच) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं अन्यथा ऐन कानून बमोजिम सहुँला /बुझाउँला । साथै संचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

इति सम्वत् २०७..../......../......गते रोज ...... शुभम् ।

नाम :

ठेगाना :

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची -५
### (दफा ५ को उपदफा (४) सँग सम्बन्धित)
### आलुको स्क्रिन हाउस निर्माणको लागि विवरण तथा स्पेशिफिकेशन (नमूनाको लागिः आवेदकले आफ्नो आवश्यकता अनुसार थप घट गर्न सक्नेछ)

१. बीउ आलु उत्पादन समूह गठन भई गुणस्तरीय बीउ आलु उत्पादन कार्य थालनी भएका स्थानहरुमा यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । अनुदान प्राप्त गर्न कृषकले आफनो तर्फबाट गर्नुपर्ने कार्य सम्पन्न गर्नुपर्नेछ। निर्माण कार्य तथा सो को सञ्चालन सम्वन्धि प्रक्रिया कृषकहरुसंग सम्झौता गरी तय गरिनेछ।

२. मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माणका लागि जग्गाको उपयुक्त छनौट गर्नु पर्नेछ तथा जग्गाको व्यवस्थापन कृषक समूहले गर्नुपर्नेछ । निजी वा व्यक्तिगत जग्गामा स्क्रिन हाउस निर्माण गर्दा उक्त हाउसमा निर्माण तथा संचालन गर्नको लागि समूहले निर्णय गरे बमोजिम हुनेछ ।

३. स्क्रिन हाउसको लम्वाई कम्तीमा २० मीटर र चौंडाई १० मिटर भएको हुनुपर्नेछ।

४. स्क्रिन हाउसको मूख्य वनावट जि.आई. पाईपको हुनुपर्ने,वरिपरि १.५ फिट सम्म ईट्टाको गाह्रो लगाई सो भन्दा माथि आल्मुनियमको फ्रेममा किरा जालि राखिएको हुनुपर्ने, स्क्रिन हाउस भित्र कुनै प्रकारको किरा छिर्न नसक्ने गरि सबै तिर जाली भएको, स्क्रिन हाउसकोछानामा UV प्लाष्टिक हुनुपर्नेछ।

५. स्क्रिन हाउसमा प्रवेशको लागि निसंक्रमणको व्यवस्था सहित Double Door System हुनुपर्दछ।

६. आवश्यकता अनुसार छाँया व्यवस्थापनको लागि थर्मोनेट र हावा संचालनको लागि एक्जहस्ट फ्यान भएको हुनुपर्नेछ।

७. जमिनबाट माथि उठाईएको निकासको प्रवन्ध सहितको कम्तिमा १.५ फीट गहिरो, १ मी चौडाई भएको सिमेन्टेड टनेल वेड भएको हुनुपर्दछ।

८. सिंचाईको लागि अल्ट्राभाईलेट फिल्टर, ओभरहेड फगर सिस्टम र हरेक वेडमा पाईप लाईनबाट सिंचाई तथा कम्तिमा २००० लि क्षमताको टयाङ्की भएको हुनु पर्छ।

९. सम्वन्धित स्थानिय तहले कार्यक्रम कार्यान्वयनको लागि सिफारिस भएको हुनुपर्नेछ।

१०. विगतका वर्षहरुमा बीउ आलु उत्पादन गरेको प्रमाण पेश गर्नुपर्नेछ।

११. स्क्रिन हाउसको निर्माणको लागि लागत तथा ईष्टिमेट अनिबार्य रुपमा प्राविधिकवाट भएको हुनुपर्नेछ।

**डर्मिटरी सहितको ट्रेनिङ सेन्टर निर्माणको लागि विवरण तथा स्पेशिफिकेशन**

१. निर्माण गर्ने जग्गा कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कम्पनीको आफ्नै स्वामित्वमा भएको हुनुपर्नेछ। सार्वजनिक जग्गामा निर्माण कार्य गर्नको लागि स्थानिय तहबाट

कार्यक्रम सञ्चालन गर्नको लागि जग्गा हस्तान्तरण भएको हुनुपर्नेछ। व्यक्तिगत जग्गा वा करारमा लिईएको वा अन्य प्रकारको जग्गा मान्य हुने छैन।

२. प्रयोगात्मक कक्षा संचालनको लागि आफ्नै स्वामित्वमा आसपासमा एथेष्ट जग्गा भएको हुनुपर्नेछ।

३. सम्पूर्ण जग्गाको आगामी कम्तिमा पनि १५ वर्षको लागि नामसारी गर्न नपाईने गरि रोक्का गरिएको र तत्पश्चात पनि कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कम्पनी वाहेक अन्यको नाममा नामसारी नहुने गरि सम्वन्धित निकायबाट (मालपोत कार्यालय र सम्वन्धित स्थानिय तह) व्यवस्था गरिएको हुनुपर्नेछ।

४. विगत ३ वर्ष देखि कृषकस्तरिय वा प्राविधिकस्तरिय कृषि सम्वन्धि तालिम संचालन गर्दै आएको कृषि ज्ञान केन्द्र तथा अन्य कृषि सम्वन्धी निकायको सिफारिस पत्र हुनुपर्दछ।

५. तालिम संचालनको लागि श्रोत व्यक्तीको नाम, बायोडाटा, प्रतिवद्धता पत्र संलग्न भएको हुनु पर्छ।

६. विजुली, ईन्टरनेट तथा वर्षैभर मोटर वाटो सुविधा भएको सम्वन्धित स्थानिय तहको पत्र,

७. तालिम हल न्युनतम २५ जना क्षमता भएको मल्टिमिडिया, कुर्सी टेवल, वोर्ड आदी भएको हुनुपर्नेछ।

८. डर्मेटरीको लागि न्युनतम २५ जना अट्ने, प्रि फ्याब वा ईट्टा वा ढुङ्गामा सिमेन्टको जोडाई भएको, एक कोठामा अधिकतम ३ जना भन्दा वढी नराखे गरि व्यवस्था भएको, कार्यालय संचालनको लागि छुट्टै कोठा भएको,महिला पुरुष छुट्टै ट्वाईलेट वाथरुम भएको, किचेन तथा डाईनिङको व्यवस्था भएको, हरेक कोठामा कम्तिमा कार्पेट, व्यक्तिगत हुने गरि खाट, र जाडो सिजनलाई समेत उपयुक्त हुने गरि सिरक डस्नाको व्यवस्था भएको हुनु पर्नेछ ।

## अनुसूची

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**खण्ड-कः आलुको मेशिनरी सहितको स्क्रीन हाउस निर्माण सम्बन्धी प्रस्ताव मूल्याङ्कन मापदण्ड**

पूर्णाङ्क - १००

उत्तिर्णाङ्क -५०

| क.सं. | मूल्याङ्कन सूचक | अंकभार |
|---|---|---|
| १. | **सडक सुविधा** | **३** |
| १.१ | कालो पत्रे भएको | ३ |
| १.२ | ग्राभेल/ कच्ची सडक | २ |
| २. | **बिजुलीको सुविधा** | **२** |
| २.१ | भएको | २ |
| २.२ | नभएको | १ |
| ३. | **स्क्रिन हाउस, रष्टिक स्टोर, प्रशोधन उद्योग तथा ट्रेनिङ्ग सेन्टरको लागि प्रस्तवित स्थानको उपुक्तता** | **२** |
| ३.१ | हरेक कोणबाट उपयुक्त स्थान भएको | २ |
| ३.२ | सम्भाव्य स्थान रहेको | १ |
| ४. | **बीउ आलु उत्पादन/प्रशोधनको लागि क्षेत्रफल** | **१५** |
| ४.१ | आलु खेती ५०० रोपनी भन्दा वढी भएको | १५ |
| ४.२ | २०० रोपनी देखि ४९९ रोपनी सम्म भएको | १० |
| ४.३ | २०० रोपनी भन्दा कम भएको | ८ |
| ५. | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | **१०** |
| ५.१ | लागत अंश व्यहोर्न सक्षम भएको प्रर्याप्त आधार देखिएको | १० |
| ५.२ | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको | ५ |
| ५.३ | व्यहोर्नु पर्ने लागत तथा प्राविधिक क्षमता नदेखिएको | ० |
| ६. | **व्यवसायिक योजना** | **२०** |
| ६.१ | व्यवसायिक दृष्टिले बढी मुनाफाजनक, दिगो तथा प्रस्ट | २० |
| ६.२ | व्यवसायिक दृष्टिले कम मुनाफामूलक, कम दिगो तथा अस्पस्ट | १८ |
| ६.३ | व्यवसायिक दृष्टिले मुनाफा रहित तथा अव्यवहारिक | १५ |
| ७. | **वजारीकरण योजना** | **५** |
| ७.१ | स्पष्ट भएको | ५ |
| ७.२ | भएको तर अस्पष्ट तथा विश्वाशिलो नभएको | २.५ |
| ७.३ | नभएको | ० |
| ८. | **कार्यक्रमको दिगोपनाको आधारहरु** | **५** |
| ८.१ | दिगोपनाको लागि योजना भएको र योजना कार्यान्वयन हुन सक्ने | ५ |

| | | |
|---|---|---|
| ८.२ | योजना भएको, दिगोपना हुने सम्भावना रहेको | २.५ |
| ८.३ | दिगोपना हुन नसक्ने | ० |
| ९. | **बीउ उत्पादन तथा प्रमाणीकरण सम्वन्धी** | **८** |
| ९.१ | बीउ उत्पादन गरी प्रमाणीकरण गरेको | ८ |
| ९.२ | बीउ उत्पादन गरेको, प्रमाणीकरण नगरेको | ७ |
| ९.३ | हाल बीउ उत्पादन नगरेको र शुरुवात गर्ने | ६ |
| १० | **आलुको पूर्वमूल बीउ आलु उत्पादनको लागि प्लान्टलेटको स्रोत** | **५** |
| १०.१ | आफ्नै तन्तु प्रजनन प्रयोगशालामा उत्पादित प्लान्टलेटको प्रयोग गर्ने | ५ |
| १०.२ | वाह्य तन्तु प्रजनन प्रयोगशालामा उत्पादित प्लान्टलेटको प्रयोग गर्ने | २.५ |
| १०.३ | प्लान्टलेटको व्यवस्थापन हुन नसक्ने | ० |
| ११ | **बीउ आलु भण्डारणको लागि कोल्डस्टोरमा पहुच** | **५** |
| ११.१ | कोल्डस्टोर स्थानिय स्तरमा उपलव्ध रहेको | ५ |
| ११.२ | कोल्डस्टोर २५-५० कि.मि मा रहेको | ४ |
| ११.३ | कोल्डस्टोर ५० कि.मि भन्दा टाढा रहेको | ३ |
| १२ | **उत्पादन योजना र उत्पादन सम्भाव्ययता** | **५** |
| १२.१ | स्क्रिन हाउसमा वार्षिक २ पटक पूर्वमूल बीउआलु उत्पादन गर्न सकिने | ५ |
| १२.२ | स्क्रिन हाउसमा वार्षिक १ पटक पूर्वमूल बीउआलु उत्पादन गर्न सकिने | २.५ |
| १३ | **स्क्रिन हाउसको डिजाईन साईज र उपयुक्तता** | **१५** |
| १३.१ | ३०० वर्ग मी. भन्दा माथि क्षेत्रफलको स्क्रिन हाउस निर्माण हुने | १५ |
| १३.२ | २००-३०० वर्ग मी. क्षेत्रफलको स्क्रिन हाउस निर्माण हुने | १० |
| १३.३ | २०० वर्ग मी. भन्दा कम क्षेत्रफलको स्क्रिन हाउस निर्माण हुने | ५ |

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर नेपाल

## खण्ड-खः डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण सम्बन्धी प्रस्ताव मूल्याङ्कन मापदण्ड

पूर्णाङ्क - १००

उत्तिर्णाङ्क -५०

| क.सं. | मूल्याङ्कन सूचक | अंकभार |
|---|---|---|
| १. | **सडक सुविधा** | **३** |
| १.१ | कालो पत्रे भएको | ३ |
| १.२ | ग्राभेल/ कच्ची सडक | २ |
| २. | **बिजुलीको सुविधा** | **२** |
| २.१ | भएको | २ |
| २.२ | नभएको | १ |
| ३. | **ट्रेनिङ्ग सेन्टरको लागि प्रस्तवित स्थानको उपुक्तता** | **२** |
| ३.१ | हरेक कोणबाट उपयुक्त स्थान भएको | २ |
| ३.२ | सम्भाव्य स्थान रहेको | १ |
| ३.३ | अनुपयुक्त स्थान | ० |
| ४. | **बीउ आलु उत्पादन लागि क्षेत्रफल** | **१५** |
| ४.१ | आलु खेती ५०० रोपनी भन्दा वढी भएको | १५ |
| ४.२ | २०० रोपनी देखि ४९९ रोपनी सम्म भएको | १० |
| ४.३ | २०० रोपनी भन्दा कम भएको | ८ |
| ५. | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | **१०** |
| ५.१ | लागत अंश व्यहोर्न सक्षम भएको प्रर्याप्त आधार देखिएको | १० |
| ५.२ | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको | ५ |
| ५.३ | व्यहोर्नु पर्ने लागत तथा प्राविधिक क्षमता नदेखिएको | ० |
| ६. | **व्यवसायिक योजना** | **१०** |
| ६.१ | व्यवसायिक दृष्टिले बढी मुनाफाजनक, दिगो तथा प्रस्ट | १० |
| ६.२ | व्यवसायिक दृष्टिले कम मुनाफामूलक, कम दिगो तथा अस्पस्ट | ५ |
| ६.३ | व्यवसायिक दृष्टिले मुनाफा रहित तथा अव्यवहारिक | ० |
| ७. | **वजारीकरण योजना** | **५** |
| ७.१ | स्पष्ट भएको | ५ |
| ७.२ | भएको तर अस्पष्ट तथा विश्वाशिलो नभएको | २.५ |
| ७.३ | नभएको | ० |
| ८. | **कार्यक्रमको दिगोपनाको आधारहरु** | **५** |
| ८.१ | दिगोपनाको लागि योजना भएको र योजना कार्यान्वयन हुन सक्ने | ५ |
| ८.२ | योजना भएको, दिगोपना हुने सम्भावना रहेको | २.५ |
| ८.३ | दिगोपना हुन नसक्ने | ० |

| | | |
|---|---|---|
| ९. | जग्गाको स्वामीत्व | १५ |
| ९.१ | समुह/सहकारी/कृषि फर्म/कम्पनीको आफ्नै स्वामित्व भएको | १५ |
| ९.२ | अन्य | ० |
| **१०** | **प्रयोगात्मक कक्षाको लागि आफ्नै स्वामित्वमा उपलव्ध जग्गा** | **५** |
| १०.१ | ५-१० रोपनी | ५ |
| १०.२ | ५ रोपनी भन्दा कम | २.५ |
| १०.३ | उपलव्ध नभएको | ० |
| **११** | **विगतका वर्षहरुमा कृषि सम्वन्धी तालिम संचालनको अनुभव** | **५** |
| ११.१ | विगतका २-३ वर्ष देखि निरन्तर तालिम संचालन गर्दै आएको | ५ |
| ११.२ | विगत १ वर्ष देखि तालिम संचालन गर्दै आएको | ३ |
| ११.३ | हालसम्म तालिम संचालन नगरेको | ० |
| **१२** | **तालिम संचालनको लागि आवश्यक जनशक्ति** | **८** |
| १२.१ | प्रयाप्त जनशक्ति भएको | ८ |
| १२.२ | मध्यम जनशक्ति भएको | ६ |
| १२.३ | जनशक्ति कम भएको | ३ |
| **१३** | **डिजाईन साईज र उपयुक्तता** | **१५** |
| १३.१ | उपयुक्त रहेको | १५ |
| १३.२ | सुधार गर्नुपर्ने | १० |
| १३.३ | अनुपयुक्त | ० |

## अनुसुची - ७

### (दफा ७ (१) सँग सम्बन्धित)

### सम्झौता पत्र

यो सम्झौता (यसपछि सम्झौता भनिएको) मिति ....... साल ....... महिनाको ..... गतेका दिन (सम्बन्धीत कार्यालयको नाम तथा ठेगाना) ................................ (यसपछि प्रथम पक्ष भनिएको ) र (साझेदारको नाम तथा ठेगाना).............................(यसपछि द्वितिय पक्ष भनिएको) बिच साझेदारीमा मेशिनरी सहितको स्क्रीन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण कार्य सञ्चालनको लागि कुल रकमको ............. प्रतिशतले हुन आउने साझेदार रकम प्रथम पक्षले दोश्रो पक्षलाई प्रदान गर्न देहाय बमोजिमका शर्तहरुको पालना गर्ने गरी यो सम्झौता सम्पन्न भएको छ । यो सम्झौता दुबै पक्षहरुबाट हस्ताक्षर भएको मिति देखि लागु हुनेछ ।

१. यो सम्झौता, सम्झौता भएको मिति वाट लागू हुनेछ ।

२. सम्झौता भएको मितिले सम्झौता अनुसारका क्रियाकलापहरु १५ दिनभित्र सुरु गर्नुपर्नेछ । साझेदारिको शुरु मितिः...............र सम्पन्न हुने मितिः................................ हुनेछ ।

३. आयोजनाको कुल लागत रु..................(अक्षेरेपी ...................................मात्र) रहेको छ जस मध्ये सम्बन्धित कार्यालयले २ प्रतिशत कन्टिन्जेन्सी रकम ................ कट्टी गरी कुल रु. ...................... (अक्षेरेपी..........................मात्र) साझेदारी रकम उपलब्ध गराउनेछ ।

४. आयोजनाको लागत र क्रियाकलाप उल्लेख गरी ५x६ फिटको होर्डिङ्ग बोर्ड सबैले देख्ने स्थानमा निर्माण स्थलमा राख्नुपर्नेछ ।

५. यस सम्झौतामा उल्लेख भएका देखि अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत : | दस्तखतः |
| नाम : | नामः |
| पद : | पदः |
| कार्यालय : | संस्थाः |
| छाप : | छाप : |

**साक्षीः**

१.

२